**भारतीय राजदूतावास**
**काठमाडौं**
*********

## भारत सरकारको आर्थिक सहयोगमा पुनर्निर्माण गरिने सिन्धुपाल्चोकस्थित लिस्टीकोट घ्याङ गुम्बामा निर्माण कार्य सुरु

काठमाडौंस्थित भारतीय राजदूतावासका द्वितीय सचिव श्री प्रशान्त कुमार सोना, भोटेकोशी गाउँपालिकाका अध्यक्ष श्री पासाङ नुर्पु शेर्पा र नेपाल सरकार केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन तथा आवास) का आयोजना निर्देशक श्री कोशनाथ अधिकारीले सिन्धुपाल्चोक जिल्लाको भोटेकोशी गाउँपालिकामा पुनर्निर्माण गरिने लिस्टीकोट घ्याङ गुम्बाको २०८० चैत्र ८ गते संयुक्त रुपमा शिलान्यास गर्नुभयो । उक्त कार्यक्रममा वार्ड अध्यक्ष, सामुदायिक सदस्य तथा नेपाल सरकार केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन तथा आवास) का अधिकारीहरुले सहभागीता जनाएका थिए ।

२. लिस्टीकोट घ्याङ गुम्बा भारत सरकारको भूकम्प पश्चातको पुनर्निर्माण अनुदान सहयोग अन्तर्गत सिन्धुपाल्चोक जिल्लामा अनुदान सहयोग पाएका ७ गुम्बा मध्येको एक हो । यसअघि २०८० पौष २० गते भारतका माननीय विदेशमन्त्री डा.एस जयशंकरको नेपाल भ्रमणका बेला सिन्धुपाल्चोकस्थित नवलपुर घ्याङ गुम्बाको भर्चुअलि उद्घाटन गरिएको थियो । अन्य पाँचवटा गुम्बाहरु कार्यान्वयनका विभिन्न चरणमा रहेका छन् । यस परियोजनाको कार्यान्वयन तथा अनुगमन गर्ने निकाय केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन तथा आवास) रहेको छ ।

३. भारत सरकारले नेपालका ७ वटा जिल्लामा रहेका २८ वटा साँस्कृतिक सम्पदा स्थलको संरक्षण गर्ने प्रतिबद्धता जनाएको छ । यो बाहेक भूकम्प पश्चातको पुनर्निर्माण अनुदान सहयोग अन्तर्गत भारत सरकारले नेपालको गोरखा र नुवाकोट जिल्लामा ५०००० निजी घर, आठवटा जिल्लामा ७१ वटा शैक्षिक संस्था तथा दशवटा जिल्लामा १३२ वटा स्वास्थ्य संस्थाको पुनर्निर्माणका लागि सहयोग गरेको छ ।

४. नेपालका साँस्कृतिक सम्पदा स्थलहरुको संरक्षण र पुनर्स्थापनामा नेपाल सरकारसँग सहकार्य गर्न पाउँदा भारत सरकार अत्यन्तै गौरवान्वित महसुस गर्दछ ।

काठमाडौं

२०८० चैत्र ८